खाँदवारी नगरपालिकालाई ५ वर्ष भित्रमा सम्वृद्ध र सबल बनाउनका लागि देहाय अनुसारका क्षेत्रगत नितीहरु सर्वसम्मत रुपमा पारित गरियो ।

## *पुर्वाधार सँग सम्वन्धित नीति*

### १.शहरी विकास

- साविक स्थानीय निकायबाट प्रत्येक वडाहरुलाई प्रति वडा रु. ५ लाख वडास्तरिय योजनाहरु बजेट विनियोजन हुँदै आएको र हाल स्थानीय तहको रुपमा रुपान्तरण भै बजेटको आकार समेत वृद्धि भएको सन्दर्भमा चालु वर्ष देखि वडा स्तरका साना आयोजना सम्पन्न गर्नका लागि वडा समितिबाट छनौट भै प्राप्त हुने गरि प्रति वडा रु. २२ लाख को परिधिभित्र रहि संचालन गर्ने व्यवस्था मिलाइएको छ साथै वडा समितिलाई रु. ३० लाख सम्मको नगरस्थरिय आयोजना छनौट गरि ल्याउनको लागी व्यवस्था मिलाइएको छ ।
- नगरपालिकाबाट वडा केन्द्रसम्म जाने सडकलाई उच्च प्राथमिकतामा राखी ५ बर्ष भित्रमा वडा केन्द्रसम्म जोड्ने पक्की नाली, ग्राभेल वा पक्की सडक सहितको व्यवस्थीत सडक निर्माण गर्ने कार्यलाई प्राथमिकता दिई सन्चालन गर्दै लैजाने व्यवस्था मिलाईने छ यसको लागि नगरपालिकाको बजेटले मात्र सम्भव नहुने भएकोले विभिन्न सरकारी तथा गैर सरकारी निकायसँग समन्वय गरि अगाडि बढाइने छ ।
- वडास्तरिय योजनाहरुलाई संचालन गर्दा कम्तिमा १५ प्रतिशत उपभोक्ताको नगद लागत सहभागिता बाट संचालन गर्ने व्यवश्था लागु गरिनेछ भने नगरस्तरिय योजना सन्चालन गर्दा कम्तिमा ३० प्रतिशत लागत सहभागिता नगदै जम्मा गर्नु पर्ने व्यवस्था मिलाईन ने छ उपभोक्ताको प्रत्यक्ष नगद साझेदारी नहुने  आयोजना उपभोक्ता मार्फत सन्चालन गरिने छैन साथै सबै भन्दा बढी प्रत्यक्ष नगद लागत सहभागीता हुन सक्ने आयोजनाहरुलाई उच्च प्राथमिकता दिई सन्चालन गरिने व्यवस्था मिलाईने छ ।
- नगरपालिकाको सम्पूर्ण विकास योजना तर्जुमा गर्दा सहभागितामुलक प्रकृया अवलम्वन गरी सवै जात जाती, वर्ग, समुदाय, लैङ्गिक समानता मुलक, सामाजिक परिचालन र गरिवि न्युनीकरण गर्ने उद्देश्यले समावेशी विकासको अवधारणा अनुसार कार्यक्रम तर्जुमा गर्ने नीति लिइने छ ।
- प्रथम कार्यपालिका बैठकबाट निर्णय भए अनुसार यस नगरपालिकाको अव बन्ने ***एकिकृत शहरी विकास (Comprehensive town development plan)*** योजना तर्जुमा गर्दा सवै पक्षको सहभागिता सुनिश्चित गरी नगरको दिर्घकालिन योजना बनाइनेछ । सो योजना निर्माण सम्पन्न भएपछि उक्त गुरुयोजनाले प्राथमिकता गरे अनुसारको आधारमा बजेट विनियोजन गरी खर्च गर्ने परिपाटी अगाडी वढाइनेछ साथै खाँदवारी नगरपालिकाको शहरी नक्साङ्कन (Urban mapping) गर्ने कार्य शहरी विकास तथा भवन निर्माण विभागसँग साझेदारीमा तयार गर्न पहल गरिनेछ । यसले सवै घरहरुको नम्वरिङ्ग (House Numbering), चोक तथा सडकहरुको नामाकरण र GIS व्यवस्थापन मार्फत नगरपालिकामा सूचना व्यवस्थापन, जग्गा तथा कर प्रणाली व्यवस्थापन समेतमा टेवा पुग्ने विश्वास लिइएको छ ।

- खाँदवारी नगरपालिकाको नगर यातायात गुरुयोजना अधुरो अवस्थामा छोडिएको पाइएकोले एवं हालको वडा नं. १० र ११ नसमेटिएको हुँदा अब सवै वडाहरुलाई समेटी नगर यातायत गुरु योजना लाई परिमार्जन सहित सम्पन्न गरिनेछ ।
- पाँच लाख भन्दा साना योजनहरु मात्र उपभोक्ता समितिबाट सम्पन्न गर्ने नीती लिइनेछ । तर उपभोक्ताले प्रत्यक्ष नगद नै संकलन गरी लागत साझेदारी हुन सक्ने अवस्था भएमा नियम अनुसार उपभोक्ता समिति मार्फत योजना सम्पन्न गर्न प्राथमिकता दिइनेछ ।
- रु. ६० लाख भन्दा माथीका आयोजना संचालन गर्दा नगरपालिकाबाट *विद्युतिय बोलपत्र ( E-Bidding )* मार्फत खरिद  गर्नु पर्ने व्यवस्था मिलाइने छ ।
- ५ लाख भन्दा बढीका योजना संचालन गर्दा अनिवार्य रुपमा आयोजना सुचना पाटी टाँस गर्नुपर्ने नियमलाई कडाइका साथ कार्यान्वयन गरिनेछ । सुचना पाटी टाँस नगर्ने आयोजनाको प्राविधिक मुल्यांकन नगरिने व्यवस्था मिलाइने छ ।
- नगरपालिकामा योजना सम्झौता नगरी आफुखुसी योजना शुरु गरी निर्माण गरिएका योजनाहरुमा नगरपालिकाले बजेट समावेश गरिदिनु पर्ने गरि भनी माग भई आएमा त्यस्ता योजनाहरुलाई सम्झौता र बजेटको व्यवस्था गरिने छैन । यसलाई कडाइका साथ कार्यान्वयन गरिने छ ।
- नगरपालिकाबाट संचालन हुने पुर्वाधार निर्माणसँग सम्वन्धित कार्यको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मुल्यांकन कार्य व्यवस्थित गरिने छ । साथै योजनाको अन्तिम भुक्तानी गर्नु पुर्व सार्वजनिक परिक्षण, काम शुरु हुनुभन्दा अगाडी र काम सम्पन्न भएपछिको अवस्था झल्काउने फोटोहरु अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था कडाइका साथ लागु गरिनेछ साथै खाँदवारी नगर क्षेत्रमा सम्भावना भएको अवस्थामा ठुला किसिमका योजनाहरुको हकमा उपभोक्ता मार्फत संचालन भएको आयोजना उपभोक्ता समितिले र निर्माण व्यवसायी मार्फत सन्चालन को आयोजना निर्माण व्यवसायिले ***Lab Test Report*** पेश गरे पछि मात्र अन्तिम भुक्तानी दिने व्यवस्था मिलाइने छ । Lab Test का लागि लाग्ने खर्च ल.ई. तयार गर्दा नै समावेश गरिनेछ ।
- नगरपालिकाले सडक निर्माण गर्दै जाने तर सडको लगत कट्टा नहुँदा जग्गा धनीले एकिकृत सम्पत्ती कर  तिरिरहेको हुँदा यस्ता समस्यालाई लगत कट्टा गरि रेकर्ड व्यवस्थापन गरिने छ ।
- अत्यावश्यक बाहेक सकभर नया ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गरिने छ नयाँ ट्रयाक खोल्नु पर्दा सम्भाव्यता अध्ययन (Feasibility study) गरेर मात्र ट्रयाक खोल्ने कार्य मिलाईने छ ।
- सडकको क्षेत्राधिकारलाइ प्रभावकारी कार्यान्वयन गरी सडक अतिक्रमणलाइ निरुत्साहित गर्दै सडक खुला राख्ने एवं अव्यवस्थित रुपले रहेका विधुत तथा टेलिफोनका पोल तथा तारलाई व्यवस्थित गर्न वडा समितिलाई जिम्मेवार वनाउदै  सुन्दर नगर बनाउन सबैको पक्षको सहयोगको अपेक्षा सहित प्रकृया अगाडि बढाइने छ ।

- पक्की घर निर्माण गर्दा नक्सापास कार्यविधी तथा मापदण्ड मा उल्लेख भए बमोजिम १००० बर्ग फिट भन्दा बढी र ३ तला भन्दा माथि बन्नेको घरको अनिवार्य रुपमा माटो परिक्षण गर्नु पर्ने व्यवस्था भएको तर संखुवासभा जिल्लामा नै माटो परिक्षण गर्ने प्रयोगशाला नभएको  कारण प्रत्येक

घरधनीहरुले माटो परिक्षण गर्न नसकिरहेको हुँदा त्यसको व्यवस्थापनको लागि नगरपालिका कार्यालय आफैले नै विभिन्न स्थानको माटो परिक्षण गरी माटोको प्रोफाइल( Soil Profle ) तयार गर्ने र त्यसैलाई आधारको रुपमा लिई त्यसैका आधारमा नक्सा पास गर्ने र सोमा लाग्ने माटो परिक्षण दस्तुर थप गरि लिने व्यवस्था मिलाईने छ ।

- शहरी क्षेत्रमा सार्वजनिक सौचालय र सार्वजानिक प्रतिक्षालय निर्माण गर्नको लागि वडा समितिहरु मार्फत जग्गा व्यवस्थापन गरी निर्माण गर्ने र यसको व्यवस्थापन र संरक्षण गर्ने जिम्मेवारी वडा समिति मार्फत समुदायमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइने छ ।
- बजार क्षेत्रलाई सुरक्षित बनाउनको लागि वडा कार्यालय, प्रहरी, उद्योग वाणिज्य संघ, वित्तिय संस्था तथा सामूदायिक संघ संस्था सँग सहकार्य गरि सि.सि. क्यामारा जडान कार्यलाई निरन्तरता दिदै जाने व्यवस्था मिलाईने छ ।
- १ घर २ विरुवाको अवधारण एवं शहरी सौन्दर्य र बाताबरण संरक्षणको लागि नगरपालिका भित्र निर्माण हुने पक्की घर बनाउँदा कम्तीमा २ वटा विरुवा रोप्नु पर्ने व्यवस्था अनिवार्य गरिने छ । घरधनीले घर सम्पन्न प्रमाण पत्र लिन आउदा अनिवार्य रुपमा विरुवा रोपेको प्रमाणको राखे पछि मात्र घर निर्माण सम्पन्न प्रमाण पत्र दिने व्यवस्था मिलाइने छ ।
- नगरपालिकाले घर नक्सा पास गर्दा भवन निर्माण संहिता २०६० (NBC) वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७२, खाँदबारी नगरपालिकाको नक्सापास कार्यविधि २०७२ कडाइका साथ पालना गरिनेछ । साथै खाँदवारी नगरपालिकामा बन्ने घरहरुलाई भूकम्प थेग्न सक्ने किसिमले निर्माण गर्नका लागि भूकम्प प्रतिरोधी घर निर्माणका लागि सचेतना कार्यक्रमहरु संचालन गर्ने र घर निर्माण गर्नका लागि निर्माणकर्मी तथा कामदारहरुलाई दक्ष कालिगढ को तालिम सन्चालन गर्नका लागि भूकम्प प्रविध राष्ट्रिय समाज (Nset) र शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय धनकुटासँग सहकार्य गरिनेछ । तालिम प्राप्त कालिगढ को न.पा.मा अभिलेख तयार गरि उनीहरुबाट मात्र घर बनाउन पाउने व्यवस्था क्रमश लागु गरिने छ ।
- सडकको Right of way छुट्याई सडक मापदण्ड मिचीएर बनिएका अस्थाइ तथा स्थायी संरचानाहरुलाई वडा कार्यालयको पहलमा त्यस्ता संरचना हटाउने कार्य अगाडि बढाइने छ ।
- नगरपालिका क्षेत्रभित्र अनुमति नलिइकन जग्गा प्लटिङ्ग गर्ने कार्यलाई नियमन गरी स्वीकृत प्राप्त गरेपछि मात्र प्लटिङ्ग गर्ने काय स्वीकृत गरिने छ यसरी प्लटिङ्ग गर्दा न्यूनतम बाटोको चौडाई ६ मिटर र विधुत, खानेपानी, ढल, टेलिफोन हुनु पर्ने मापदण्ड तोकिने छ मापण्ड विपरितका प्लटिङ्ग व्यवसाय रोक्न विशेष पहल गरिने छ । यसको लागि प्रहरी, प्रशासन, नापी कार्यालय र मालपोत कार्यालयसँग समन्वयको व्यवस्था गरी प्लटिङ्ग गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।
- नगरपालिकामा घर नक्सा दर्ता नगरि कुनै घर एवं संरचना निर्माण गर्ने कार्य निरुत्साहित गर्नका लागि अनिवार्य रुपमा नक्सा दर्ता गरेर मात्र निर्माण कार्य गर्नु पर्ने व्यवस्था कडाइका साथ लागु गरिनेछ । नक्सा दर्ता नगरि कुनै घर निर्माण कार्य कानुन एवं मापदण्ड विपरीत हुन सक्ने भएकोले त्यस्तो नक्सा पछि दर्ता गरी नक्सा पास गरिने छैन ।
- शहरी क्षेत्रमा सडकको छेउ भागमा सौर्य सडक वत्तिको व्यस्थापन गर्ने साथै विद्युत नपुगेका वडाहरुमा विद्युत प्राधिकरणसँगको साझेदारीमा क्रमश विद्युतिकरण कार्यक्रम लागु गरि । नेपाल टेलिकमलाई

अनुरोध गरि प्रत्येक वडामा आधुनिक संचारको पहुँच पुर्याउनका लागि विभिन्न स्थानमा टेलिकमका टावर तथा एक्चेज राख्न र नेट इन्टरनेटको सुविधाहरु पुर्याउन व्यवस्था मिलाइने छ।

- तुम्लिङटार एयरपोर्ट स्तरउन्नती नहुँदा ठूला किसिमका जहाज अझै पनि ल्याण्ड हुन नसकिरहेको हुँदा सम्बन्धित निकायसँग ध्यानाकर्षण गरि जुनसुकै समयमा पनि ७२ सिट क्षमता भएका जहाज अवतरण गर्न सक्ने गरि स्तरउन्नतीको व्यवस्था मिलाउन आवश्यक पहल गरिने छ।
- व्यस्त सडक र बजार क्षेत्रमा हुन सक्ने दुर्घटनालाई ध्यानमा राखि नगर प्रहरीको व्यवस्था गरि ट्राफिक प्रहरीसँगको समन्वयमा दुर्घटना न्यूनिकरणका सचेतना कार्यक्रम सहित आवश्यक व्यवस्था मिलाईने छ।

## २.सिचाइ , खानेपानी तथा ढल

- खानेपानी मुहान नभएका स्थानमा पाइप वा लिफ्टिङ्गका माध्यमबाट खानेपानी सुविधा पुर्याउनमा जोड दिने

  साथै मर्मत सम्भार गर्नुपर्ने अवस्था रहेको स्रोत संरक्षण को तुरुन्त व्यवस्थापनको व्यवस्था मिलाइने छ, नयां स्रोत र मुहानको खाजी गर्ने र साविकका खानेपानी ट्यान्कीलाई संरक्षण र मर्मत गर्ने कार्यलाई अगाडि बढाउन बजेटको व्यवस्था एवं थतप बजेट खोजि गरि आवश्यक पहल गरिने छ।
- सिचाइको अभाव रहेको वडाहरुमा सिंचाई पुर्याउने व्यवस्था मिलाईने छ यसका लागि नगरपालिकाको आफ्नो बजेटले मात्र सम्भव नहुने भएकोले विषयगत कार्यालय र प्रदेश सरकार र संघीय सरकारसँग माग गरिनछ।
- नगरपालिका क्षेत्रको ढल व्यवस्थापन जटिल बन्दै गएको हुँदा त्यसको उचित व्यवस्थापनको लागि नगरपालिकाको अनुरोधका आधारमा खानेपानी तथा ढल निकास विभागले जग्गा उपलब्ध गराएमा र लागत साझेदारी गरेमा व्यवस्थित किसिमको ढल प्रशोधन केन्द्र निर्माण गरिदिने औपचारिक जानकारि प्राप्त भएको र नगरपालिकाले प्रतिबद्धता समेत जनाईसकेको हुँदा उक्त ढल प्रशोधन केन्द्र वडा नं. ९ मा रहेको ल्याण्डफिल्ड साईटको जग्गामा निर्माण गरि नगरपालिका क्षेत्रको ढल व्यवस्थापनमा सहजता ल्याउन थप प्रकृयाहरु अगाडि बढाइने छ।

# *सामाजिक बिकास सम्बन्धी नीति*

## (क) शिक्षा सम्बन्धि

- संघीय शिक्षा निती र प्रदेश शिक्षा निती तयार भइसके पछि सोही आधारमा नगर शिक्षा निती बनाई लागू गरिनेछ। सामूदायिक विद्यालयको गुणस्तर सुधार गर्नका लागि नगर शिक्षा समिति गठन गरि सो समिति मार्फत विद्यालय व्यवस्थापन समिति, विद्यालयका प्र.अ. एवं शिक्षकहरुको सहभागीता मार्फत उपयुक्त नगर शिक्षा कार्ययोजना (Action Plan) बनाई लागू गरिनेछ। नमुना विद्यालय निर्माणको कार्यक्रम बनाई चरणबद्ध रुपमा लागु गरिने साथै राम्रो र गुणस्तरीय शिक्षा प्रदान गर्ने उत्कृष्ट विद्यालय र शिक्षक घोषण गरि शिक्षा दिवसको अवसरमा पुरस्कृत गर्ने र नराम्रो कार्य गर्नेलाई दण्डित गर्ने व्यवस्था मिलाईने छ।
- बर्तमान अवस्थामा संचालन भईरहेको शिक्षा प्रणालिलाई ब्यबस्थित गर्न र दक्ष जनशक्ति निर्माणका लागि सामुदायिक बिद्यालयमा बिद्यार्थी भर्ना अभियानलाई व्यापकता दिइने छ। *S E E* को तयारी गर्ने सामुदायिक विद्यालयमा अध्ययनरत दलित छात्र छात्राहरुलाई अंग्रेजी र गणित विषयमा ट्यूशन कक्षा सन्चालनको व्यवस्था मिलाईने छ।

- सामुदायिक बिद्यालयमा शैक्षिक गुणस्तर बढाउनका लागि शिक्षकहरुलाई तालिम संचालन गर्ने र अन्य जिलाहरुमा सन्चालन भै रहेका उत्कृष्ठ सामूदायिक विद्यालयको शैक्षिक भ्रमण गराउने व्यवस्था मिलाइने छ ।
- शैक्षिक गुणस्तर बढाउनका लागि भौतिक पूर्बाधारको बिकस सँगै विद्यालयमा सूचना मैत्री विद्यालय व्यवस्थापन गर्नका लागि विद्यालयमा ICT, Vertual Class, E - Library को स्थापना, नेट-इन्टरनेटको व्यवस्था र सन्चालनका लगि कार्यक्रम बनाई चरणबद्ध रुपमा कार्यान्वयन गर्न जोड दिइने छ ।
- बिद्यालयको बिद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दिको लखाजोखा गरि दरबन्दि मिलान गर्ने गराउने कार्यमा जोड दिइनेछ ।
- निजि विद्यालय र सामुदायिक विद्यालयको पाठ्यक्रम एकै प्रकारको वनाई संबन्धित पक्षसँग समन्वय गरि अगाडि वडाइनेछ ।
- विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा अपांग मैत्रि कक्षा कोठा, धारा, शौचालय आदि समेत बालबालिका मैत्री बनाई बनाउन जोड दिइनेछ ।
- शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षक र अभिभावकहरुको अन्तरक्रिया कार्यक्रम तेस्रो पक्षको रोहवारमा नियमित रुपमा गरिनेछ ।

## (ख) लक्षित वर्ग महिला बालबालिका तथा लैंगिक समानता

- कानूनले प्रतिबन्धित गरेको वाल विवाह, वहु विवाह जस्ता कुरितिको अन्त्यका लागि महिला विकास शाखा मार्फत सचेतना मुलक कार्यक्रम संचालन गरीनेछ ।
- एकल/ विधवा महिलाहरुको आयआर्जनमा वृद्धि गर्न मागको आधारमा आवस्यक सहयोग गरीनेछ । एकल महिलाहरुको तथ्यांक संकलन गर्ने कार्यलाई आगामि वर्ष अगाडि बढाइने छ सोहि आधारमा उनीहरुको क्षमता वृद्धि र आय आर्जनको लागि आवश्यक तालिमको व्यवस्था मिलाईने छ ।
- नगर क्षेत्र भित्र रहनु भएका जेष्ठ नागरिकहरुको सम्मानको लागि चालु आ.व.को दशैं देखि नै लागू हुने गरि ८० वर्ष पूरा भएका जेष्ठ नागरिकहरुलाई प्रत्येक वर्ष वार्षिक रु.२०००/- (दुई हजार) का दरले दशैं खर्च उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।
- जेष्ठ नागरिकहरु दिवाको समयमा एकै स्थानमा बसि भलाकुसारी गरुन भन्ने उद्देश्यले सवै वडाहरुमा ज्येष्ठ नागरिक चौतारी तथा पार्कहरु क्रमश निर्माण गर्दै लगिनेछ ।
- दलित तथा पिछडा वर्गको उत्थानको लागि सम्वन्धित वर्ग वा पक्षवाट माग भई आएका योजना तथा कार्यक्रमहरु कार्यन्वयन गर्न वजेटको ब्यवस्थापन गरीनेछ ।
- लैंगिक एवं जातिय विभेद न्यूनिकरण गर्नका लागि सचेतना मुलक कार्यक्रम महिला विकास शाखा मार्फत  संचालन गरीनेछ । जातिय छुवाछुतलाई दण्डनिय बनाईने छ ।
- आदिवासी जनजातीहरुको हित र अधिकार प्रवर्द्धन गर्नका लागि सचेतना कार्यक्रमहरु सन्चालन गर्ने एवं विभिन्न जात जातीहरुको साँस्कृतिक संरक्षण र प्रवर्द्धन गर्नका लागि सांस्कृतिक संग्रहालय स्थापना गर्न पहल गरिने छ । साँस्कृतिक संग्रहालयलाई पर्यटन विकाससँग आबद्ध गर्ने व्यवस्था मिलाईने छ ।
- आदिवासी जनजाति दिवसको अवसरका सबै जातजातीहरुको सँस्कृती झल्कने गरि साँकृतिक झाँकी प्रदर्शनीको व्यवस्था गरि उत्सवको रुपमा मनाउने व्यवस्था मिलाईने छ ।

- वामैत्री स्थानीय शासन कार्यान्वयन गर्नका लागी जिल्ला वाल सञ्जाल र सूचक पूरा गर्न सहयोग गर्ने कार्यालय, संघ संस्थासंग समन्वय गरी आगामी ४ वर्ष भित्रमा खाँदवारी नगरपालिकालाई बालमैत्री नगरपालिका बनाइने निती लिइनेछ । वालवालिकाको समग्र अधिकार (बाँच्न पाउने, विकासको अधिकार, संरक्षणको अधिकार र सहभागीताको अधिकार) प्रवर्धनका लगि वाल भेलाबाट प्राप्त भएका योजनाहरुलाई प्राथमिकता दिई खर्च गरिनेछ ।
- बालवालिकाहरुलाई सहभागितामुलक योजना पद्ती र नगर विकासको विविध पक्षहरुमा सहभागी गराउन र बाल अधिकारलाई प्रवर्धन गर्नका लागि नगर बाल सञ्जालको पुनरगठन गरिने र प्रत्येक वडामा बाल क्लव गठन गर्ने प्रकृया अगाडी बढाइनेछ ।
- विपन्न वर्गका महिलाहरुको सशक्तिकरणका लागि आयमुलक एवं सचेतना प्रवर्द्धन हुने र रोजगारमुलक अवसरहरु सृजना गर्ने कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- नगर क्षेत्रभित्रको महिलाहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक रुपले सशक्तिकरण गर्दै नगर विकासमा समान रुपमा सहभागिता जनाउन सक्ने अवसरको सृजना गरिनेछ ।
- महिलाहरुको राष्ट्रिय पर्व तिज कार्यक्रमलाई सँस्कृति संरक्षणसँग आबद्ध गरि मनाउन सचेतना कार्यक्रम तयार गरिने छ साथै महिला हिंसा विरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रि महिला दिवस मनाउन विशेष कार्यक्रम सन्चालन गरिने छ । घरेलु हिंसा न्यूनिकरण गर्न र पिडित महिलाहरुलाई न्याय एवं क्षतिपूर्ति दिलाउन विशेष पहल गरिने ।
- समूह मार्फत सन्चालन गरिने सामाजिक तथा आर्थिक समृद्धी र जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरुमा महिलाहरुलाई प्राथमिकता दिने व्यवस्था मिलाईने छ ।
- महिला मजदुरहरुले अहिले पनि समान ज्याला नपाईरहेका अवस्थालाई अन्त्य गर्नका लागि समान कामका लागि समान ज्याला अभियान सन्चालन र सरोकारवाला र निर्माण व्यवसायिसँग छलफल गरि ज्यालामा समानता कायम गर्न पहल गरिने छ ।

**(ख) खेलकुद सम्वन्धमा**

- खेलकुदको माध्यमबाट नगरवासीहरुलाई स्वस्थ बनाउनका लागि नगर खेलकुल नीति तयार गरिने छ ।
- प्रत्येक वडाको पायक पर्ने स्थानमा एक एक वटा खेल मैदान आवस्यक पर्ने भएको हुँदा त्यस्ता क्षेत्रको पहिचान गरि खेल मैदानको ब्यवस्थापन गर्न आवस्यक कार्य अगाडि वडाइनेछ ।
- नगरमा खेलकुदको दीगो व्यवस्थापनका लागी सुविधा सम्पन्न कभर्डहल निर्माण गर्न उद्योग वाणिज्य संघ, संघ संस्था, दातृ निकायहरु सँग सार्वजनिक निजी साझेदारीको प्रकृयाको माध्यमबाट संभाव्यता अध्ययन गरिनेछ ।
- वार्षिक रुपमा कम्तीमा एक वटा नगर स्तरिय खेलकुद कार्यक्रम संचालन गर्न वजेटको ब्यवस्था गरिनेछ ।
- नगरमा एउटा पनि व्यवस्थित किसिमको रंगशाला नभएकोले व्यवस्थित किसिमको रंगशाला निर्माण गर्न नेपाल सरकार एवं दातृ निकायसंग अनुरोध गरिनेछ ।

## ग) विज्ञान तथा प्रविधि सम्वन्धमा

- विज्ञान तथा प्रविधिको क्षेत्रमा सेवा पुर्याउने अभिप्रायले नगर भित्रका जेहेन्दार छात्र, छात्राहरु मध्ये माध्यमिक तहका एक छात्र र एक छात्रा लाई विज्ञान तथा प्रविधि तालिममा समावेश गर्न आवश्यक पहल गरिनेछ ।

## घ) स्वास्थ्य तथा जनसंख्या सम्वन्धमा

- नागरिकहरुको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्य सेवालाई नगरपालिका क्षेत्रभित्रका नागरिकहरुले सहज रुपमा पहुँच प्राप्त गर्न सकुन भन्ने उद्देश्यले प्रथम कार्यपालिका बैठकबाट निर्णय भएको स्वास्थ्य बीमा कार्यक्रम सुरु गर्नका लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालयसँग माग गरि सकिएकोले उक्त कार्यक्रम यथासिघ्र लागु गराउनका लागि थप पहल गर्ने र हाल सन्चालनमा रहेका स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रहरु पूर्वाधार एवं गुणस्तर सुधार गर्ने एवं अनुगमनलाई प्रभावकारी बनाई नगरवासीहरुले सहज रुपमा स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने आवश्यक व्यवस्था मिलाईने छ । खाँदवारी अस्पताल ५० शैयाको रुपमा स्वीकृत भै सकेकोले त्यसको लागि आवश्यक जनशक्ति र अस्पतालको पूर्वाधार निर्माणको विशेष पहल गरि नर्सिङ एवं हेल्थ असिष्टेन्ट बिषयको अध्यापन हुन सक्ने गरि आवश्यक व्यवस्था मिलाउन पहल गरिने छ ।
- स्वास्थ्य क्षेत्रको सुधारका लागि नगरपालिकाका सवै वडाहरुमा नगर स्वास्थ्य केन्द्र स्थापना गरि संचालन गर्न आवस्यक जनशक्ति समेतको ब्यवस्था गर्दै क्रमश कार्यान्वयन गरीनेछ ।
- नगर क्षेत्र भित्र विद्यमान रहेका सबै स्वास्थ्य संस्थाहरुमा क्रमशः २४ सै घण्टा प्रशुति सेवा संचालनका गर्नका लागि जिल्ला स्वास्थ्य कार्यालयसँग समेत समन्वय गरि क्रमश व्यवस्थापन गरीनेछ ।
- नगर क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुको अगुवाईमा निःशुल्क स्वास्थ्य शिविर संचालनको व्यवस्था मिलाईने छ ।
- नगर भित्र रहेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहित गर्न नगरले निश्चित रकमको ब्यवस्था मिलाईनेछ ।

## च) सहकारी  तथा गैह्र सरकारी संस्था सम्वन्धमा

- अर्थतन्त्रको ३ खम्बे नीति अनुसार नगर क्षेत्रभित्र सन्चालनमा रहेका वित्तिय तथा कृषि सहकारीलाई रोजकारी उन्मुख गराउने तर्फ आवश्यक पहल गरिने छ । सहकारीको गुणात्मक वृद्धिलाई सहयोग पुग्ने गरि स्थापनामा प्रोत्सान, सन्चालनमा सहयोग र नियमन गर्ने नीति लिइने छ । सहकारीहरुको व्यवस्थापनमा एकरुपता कायम गर्नका लागि नगरस्तरीय सहकारी सञ्जाल निर्माण गर्न पहल गरिने छ ।
- नगरपालिका क्षेत्र भित्र सन्चालन हुने सम्पूर्ण गैर सरकारी संस्थाको कार्यक्रमलाई नियमन र एकरुपता हासिल गर्नका लागि नगरपालिकामा गै.स.स. डेक्स स्थापना गरिनेछ नगर क्षेत्रभित्र कार्यक्रम सन्चालन गर्नु पूर्व अनिवार्य रुप्मा गैरसरकारी संस्थाहरुले अनुमती लिनु पर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिर्नका लागि नगरपालिकामा गै.स.स. डेक्स स्थापना गरिनेछ नगर क्षेत्रभित्र कार्यक्रम

सन्चालन गर्नु पूर्व अनिवार्य रुप्मा गैरसरकारी संस्थाहरुले अनुमती लिनु पर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिने छ ।

- गैह्र सरकारी संस्थाहरुलाई कार्यक्रमको अनुमति दिदा विकास र चेतनाको दृष्टिले पछि परेका वडा, क्षेत्रहरुमा समन्वय गरि कार्यक्रम सन्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
-

## *वातावरण तथा विपद् व्यवस्थापन तर्फ*

### क) वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन सम्वन्धमा

- अरुण प्रवेश मार्गको दायाँबायाँ को जग्गाको कित्ता काट र लगत कट्टा गरि उक्त बाटोको किनारामा आस्यकता अनुसार अम्रिसो तथा अन्य विरुवाहरुको वृक्षारोपण कृषि विकास शाखा मार्फत पहल गरिनेछ ।
- वातावरण संरक्षणका लागि हाल खाँदबारी वजार क्षेत्र, मानेभञ्ज्याङ वजार क्षेत्र र तुम्लीङ्गटार वजार क्षेत्रको आसपास राखिएका निर्माण सामाग्रि लगायत दैनिक उपभोग्य वस्तुहरु जथाभावी रुपमा राख्न नपाउने व्यवस्था मिलाउन अनुगमनको व्यवस्था मिलाइने छ यसको लागि उचित निर्देशिका बनाई लागू गरिने छ ।
- जलवायू परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनिकरण गर्न सरोकारवाला गैर सरकारी संस्था तथा विकास साझेदारहरुसँग समन्वय र सहकार्य गरिने छ ।
- खाँदबारी नगरपालिकालाई प्लाष्टिक मुक्त नगर घोषणको लागि उद्योग वाणिज्य संघ सँग आवश्यक छलफल र समन्यव गरि यस नगरलाई प्लाष्टिक झोला मुक्त नगर बनाउन आवश्यक व्यवस्था मिलाईने छ ।
- वृक्षा रोपणका लागि जिल्ला वन कार्यालय सँग समन्वय गरि आवश्यक विरुवाहरु सहज रुपमा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ । वातावरण संरक्षण एवं हरियाली प्रवर्दन गर्न टोल विकास संस्थाहरुलाई जिम्मेवार बनाउँदै आफ्नो टोललाई वातावरण मैत्री टोल घोषण गर्ने कार्यमा आवश्यक गृहकार्य गरिने छ ।

### ख) फोहोर मैला व्यवस्थापन सम्वन्धमा

- खाँदबारी नगरपालिकाको क्षेत्र विस्तार सँगै वजार समेत विस्तार भएको कारण मौजुदा ल्याण्ड फिल्ड साइटको पूर्वाधार निर्माण गर्नका लागि नगरको बजेटले मात्र सम्भव नहुने भएको हुँदा फोहोर मैला प्राविधिक सहयोग केन्द्रसँग आवश्यक व्यवस्थापनको लागि विशेष पहल गरिने छ साथै अन्य स्थानहरु मानेभञ्ज्याङ बजार र सित्तलपाटी लाई समेत मध्यनजर गर्दै अर्को ल्यण्डफिल्ड साइटको खोजि गरिनेछ ।
- घरको फोहोरलाई सकेसम्म घरमा नै तह लगाउन आवश्यक तालिम र सचेतना कार्यक्रम सन्चालन गरिनेछ । तथापी उत्सर्जन हुने फोहोर लाई स्रोत मै कुहिने र नकुहिने गरी छुट्टाछुट्टै संकलन गर्न नगरबासीहरुलाई सचेतना अभिबृद्धि सम्वन्धि तालिमको व्यवस्था गरीनेछ ।

- हाल खाँदवारी नगरपालिकाद्वारा फोहोर मैला व्यवस्थापन सम्बन्धि अरुण भ्याली मल्टी प्रपोज प्रा.ली. सँग गरीएको सम्झौता र कार्यान्वयन लाई अझ प्रभावकारी वनाइनेछ ।
- उचित स्थानको पहिचान गरी नगर क्षेत्र भित्र थप सार्वजनिक शौचालयहरुको निर्माण गरीनेछ ।
- टोल-टोलको सरसफाईको लागी टोल विकास संस्थाहरुलाई थप जिम्मेवारी सहित सक्रीय वनाइनेछ ।
- खाँदवारी नगरपालिकालाई वातवरण मैत्री नगर घोषणा गर्नका लगी आवस्यक सुचकहरु पुरा गर्न कार्ययोजना वनाउने र सरोकार वाला सरकारी गैरसरकारी निकायहरु समेत सँग समन्ययको कार्यलाई प्राथमिकता दिइनेछ ।
- वतावरण प्रदुषण गर्ने खालका पुराना सवारी सधनहरुको अभिलेख तयार गरी त्यस्ता सवारी साधनहरुको संचालनमा रोक लगाइनेछ ।
- नगरभित्र फोहर मैलाको बढोत्तरी गर्ने ब्यबसायी, संघसंस्था आदिलाई नगरपालिकाले समन्वय गरी सो को निवारणका लागि आबश्क छलफल र निर्देशन दिइनेछ । (जस्तै :- मासु पसल, तरकारी, चटपटे, जुत्ता पसल व्यबसायीहरु)

### (ग) नगरको सौन्दर्यता र संरक्षण सम्वन्धमा

- खाँदवारी नगरमा मौजुदा पार्कहरुको थप भौतिक सुधार गरी सबै वडाहरुमा सम्भाब्य स्थानको खोजि गरी योजना सहित क्रमसः पार्क, पिकनिक स्पट निर्माण गर्न पहल गरीनेछ । नगर क्षेत्र भित्र रहेका धार्मिक एवं सांस्कृतिक धरोहर, कला साहित्य, ऐतिहासिक पुरातात्कि वस्तु, इतिहास लगायत प्राचिन कलात्मक झल्कने वस्तुहरुको संरक्षण गरि त्यसलाई आन्तरिक पर्यटन प्रवर्द्धनसँग जोडि कार्य गर्न आवश्यक व्यवस्था मिलाईनेसंरक्षण गरि त्यसलाई आन्तरिक पर्यटन प्रवर्द्धनसँग जोडि कार्य गर्न आवश्यक व्यवस्था मिलाईने छ ।
- नगर भित्र राखीएका होडिङ बोर्ड, पर्चा पम्प्लेट जस्ता सामाग्रीहरुले नगरको सौन्दर्य घटाउने हुँदा त्यस्ता अनावस्यक वस्तुहरु राख्नलाई नियन्त्रण गरिनेछ ।
- नगरपालिकाले संरक्षण र संबर्द्धन गर्नु पर्ने नगर क्षेत्र भित्रका विभिन्न सार्वजनिक जग्गा-जमिन, ऐलानी, पर्ति, सार्वजनिक पोखरी, पार्क, पाटी पौवा, चौतारा, मठ मन्दिर बौद्ध, विहार, गुम्वा, मस्जिद, धारा, कुवा, सडक, पेटी, ढल नाली लगायतमा गरिएको अतिक्रमण तथा अवैध रुपमा निर्माण गरिउका संरचना घर टहरा हटाउने कार्यक्रम जिल्ला प्रशासन, प्रहरी सन्चारकर्मी, उद्योग वाणिज्य संघ डिभिजन सडक कार्यालय, नापी शाखा तथा सरोकारवाला सबैको सहभागितामा सार्वजनिक सम्पत्तिको संरक्षण गरिने छ । नगरपालिकाले नगरप्रोफायल तयार गरि यस्ता वस्तुहरुको संरक्षणमा विशेष ध्यान दिने व्यवस्था मिलाईने छ ।

### घ) वन संरक्षण सम्वन्धमा

- वन उभोक्ता समिति र वन उपभेक्ता हरुलाई वन संरक्षण सम्वन्धि अभिमुखिकरण तालिम संचालन गर्न जिल्ला वन कार्यालय सँग समन्वय गरी आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

- अनियन्त्रित वन फडानी आगलागी जस्ता कार्यहरुलाई नियन्त्रण गर्न दण्ड जरीवानालाई प्रभावकारी कार्यन्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- सामूदायिक वन उपभोक्ता समूहको जिम्मेवारीमा वन, हरियालि प्रवर्द्धन र वातावरण संरक्षमा सहयोग पुग्ने गरि आवश्यक पहल गरिने छ ।

**ङ) बिपद व्यवस्थापन सम्वन्धमा**

- दमकल संचालनका लागि दमकल पुग्न सक्ने विभिन्न क्षेत्रमा सम्भाव्यताको खोजि गरि पानी पोखरीहरुको निर्माण पहल गरिनेछ ।
- नगरका प्रत्येक वडाहरुमा विपद पुर्वतयारी योजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- विपदको समयमा उद्धार गर्न नेपाल रेडक्रश सोसाईटिसँग समन्वय गरि युवा जनशक्ति लाई विपद पुव तयारी र उद्धार संवन्धि तालिमको ब्यवस्था मिलाइनेछ । नेपाल रेडक्रसको सहयोग लिई विपदको समयमा खुल्ला स्थानको छनोट र घोषणा गरी ठाउँ ठाउँमा होर्डिङ्ग वोर्डको माध्यमवाट सर्वसाधारणलाई सुचना दिने व्यवस्था मिलाइनेछ । विपदको समयमा उद्धारकर्मि र संस्थाको नाम सूचिकृत गरि सार्वजनिक गरिनेछ ।
- प्रज्वलनशिल वस्तुहरु जस्तै, ग्याँस, मटितेल, डिजेल , पेट्रोल जस्ता सामाग्रिहरु सहर भन्दा वाहिर राखि विक्रि वितरण गर्ने व्यवस्था मिलाउन एक अध्ययन समिति गठन गरि आवश्यक गृहकार्य गरिनेछ ।
- सवै टोलहरुमा स-साना पानी पोखरिहरुको निर्माणमा वडा समितिलाई जिम्मेवार बनाइने छ ।
- नगरपालिकाले विपद जोखिम योजना वनाई स्विकृत गर्ने र कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- सवै वडाहरुमा दमकल को आवत जावत गर्न सक्ने गरि नगर यातायात गुरुयोजनासँग मिल्ने गरि वाटोको मापदण्ड तोकिने छ ।
- खानेपानीको हटलाईन पाईपमा दमकलको सकेट जोड्न मिल्ने गरि ठाउँ ठाउँमा ब्यवस्था मिलाउने र पुर्व तयारी को अवस्थामा राख्ने व्यवस्था मिलाइनेछ ।
- नगरपालिकामा विपद ब्यवस्थापन कोषको व्यवस्था यसै आ.व. देखि स्थापना गरिने छ यस कोषमा विभिन्न संघ, संस्था, नगरवासी, सरकारी कर्मचारी, निजी क्षेत्र अन्य दातृ निकाय सबैमा सहयोगको लागि आह्वान गरिने छ । यस कोषबाट आवश्यकता अनुसार विपतसँग सम्बन्धित विषयमा खर्च गरिने छ ।
- जिल्ला स्थित दैविक प्रकोप उद्धार सँग सम्वन्धित सरकारी, गैसस, संघ संस्था तथा निकायहरुको सुचि तयार गरि सार्वजनिक गरिनेछ (जस्तै रेडक्रस, दैविक प्रकोप उद्धार समिति, स्वास्थ्य कार्यालयहरु, स्थानीय क्लवहरु आदि )

## *राजश्व प्रशासन सम्वन्धी नीती*

- आन्तरिक राजश्व संकलन नै नगरको आर्थिक मेरुदण्डको रुपमा रहने भएकोले कर प्रशासनलाई चुस्त दुरुस्त र करदाता मैत्री बनाउनका लागि उद्योग वाणिज्य संघ र अन्य सरोकारवाला निकायहरु घरेलु

महासंघ जस्ता निकायसँग समन्वय गरी राजश्वको दायरा फराकिलो पार्ने, नयाँ करका क्षेत्रको पहिचान गर्ने कार्यको समन्वय एवं खोजी गरिनेछ । यस कार्यको लागि राजश्वप परामर्श समिति अन्तरगतको राजश्व परामर्श उपसमितिलाई कृयाशिल गरिने छ ।

- नगर क्षेत्रबाट घरवहाल कर प्रभावकारी रुपमा संकलन हुन नसकेको हुँदा स्व घोषणाको माध्यमबाट घरबहाल कर संकलन गर्न आव्हान गरिनेछ । यसरी आव्हान गर्दा पनि संकलन हुन नसकेमा घरदैलो कार्यक्रम मार्फत लगत संकलन गरि नियम अनुसार घरवहाल कर संकलन गर्ने अभियान संचालन गरिनेछ । वहाल कर वापत केन्द्र सरकारले उठाउँदै आएको १० प्रतिशत रकम नगरपालिकाले नै उठाउन पहल गरिनेछ ।
- राजश्व परामर्श समिति र उपसमितिबाट सिफारिस भए अनुसार यस नगरपालिकाले चालु आ.व.देखि लागु गर्ने गरि मदिरा तथा सुर्तिजन्य पदार्थमा नगर सेवा शुल्क वापत थप अतिरित्त शुल्क उठाउने सिफारिस गरेको आधारमा चालु आ.व. देखि यो व्यवस्था लागु गरिनेछ । यसरी संकलन भएको कूल रकम मध्ये २५ प्रतिशत रकम उद्योग वाणिज्य संघलाई र बाँकी ७५ प्रतिशत रकम सामाजिक कल्याण कोष खडा गरि स्वास्थ्य तथा शिक्षा सेवामा खर्च गरिने व्यवस्था मिलाईने छ ।
- व्यापार व्यवशाय कर आयश्रोतको एउटा मुख्य श्रोत भएकाले उद्योग वाणिज्य संघ संग सहकार्य गरी दर्ता नविकरण र अनुगमन गर्ने कार्यमा सहकार्य गर्ने नीती लिइनेछ व्यापार व्यवसाय करबाट संकलन भएको कूल रकमको २५ प्रतिशत रकम उद्योग वाणिज्य संघसँग करदाता शिक्षा, व्यवसाय दर्ता तथा नविकरण, बजार अनुगमन तथा पोखरी बजारमा रहेको पोखरी बजारलाई संरक्षण र हरियालि गर्ने कार्यहरुमा सहकार्य गर्नका लागि शसर्त अनुदान उपलब्ध गरिने छ । साथै नगरको विकासका अन्य विविध विषयमा सार्वजनिक निजी क्षेत्रको अवधारणा अनुसार क्रमैसँग साझेदारि गर्दै जाने निती लिइने छ ।
- वडा कार्यालयहरुको प्रभावकारी व्यवस्थापन भए पछि प्रत्येक वडा कार्यालयमा व्यापार व्यवसायको लगत संकलन, दर्ता र नविकरणको व्यवस्था मिलाइनेछ ।
- नगरपालिकाबाट स्विकृत भएका करका दरहरुलाई वस्तुनिष्ठ एवं वैज्ञानिक वनाउन राजश्व परामर्श समिति, उप समितिलाई क्रियासिल बनाई विभिन्न क्षेत्रको अध्ययन, अवलोकन गराइनेछ साथै राजश्व संकलन र परिचालन कार्यलाई व्यवस्थित वनाउन उद्योग वाणिज्य संघ, घरेलु उद्योग महासंघ एवं अन्य सरोकावाला निकायसँग छलफल गरि खाँदवारी नगरपालिकाको राजश्व संकलन र परिचालन नियमावली तर्जुमा गर्ने कार्यलाई अगाडी बढाइनेछ ।
- नगर क्षेत्र भित्र रहेका सम्पूर्ण सवारीहरु अनिवार्य वार्षिक रुपमा नगरपालिका दर्ता नविकरण हुनु पर्ने व्यवस्था मिलाईने छ । साथै चालु आ.व. देखि नै पटके सवारी कर असूल गर्ने व्यवस्था मिलाईने छ ।

## *आर्थिक वृद्धि तथा पर्यटन विकाससंग सम्वन्धित नीती*

- जीविको पार्जनमा सहयोग पुर्याउने गरि सबै बडाहरुमा लघु, घरेलु, साना, मझौला उद्यम तथा उद्योगहरु स्थापना र सन्चालनको व्यवस्था मिलाउन सरोकारवाना निकाय र विषयगत कार्यालय मार्फत आवश्यक समन्वय गरि पहल गरिने छ ।
- पर्यटन व्यवसायलाई उद्योगको रुपमा विकसित गर्न तिन किसिमका पर्यटन - धार्मिक, कृषि र पर्या पर्यटनलाई विकसित र व्यवस्थित गर्न विषयगत कार्यालयहरुको कार्यक्रम मार्फत व्यवस्थित गरिनेछ ।
- नगरस्तरिय पर्यटन प्रवर्द्धन समिति निर्माण गरिनेछ । यसको माध्यमबाट खाँदवारी नगर र यस आसपासका पर्यटन सम्भावनाहरु खोजी विभिन्न निकायहरुसँग सहयोग जुटाउने कार्यमा अगाडि बढाईने छ ।
- खाँदवारी नगरपालिकालाई आर्थिक सम्वृद्धिमा टेवा पुगोस भन्ने उद्देश्यले पर्यटन पुर्वाधारको कार्यमा विशेष ध्यान दिइनेछ । धार्मिक पर्यटन प्रवर्द्धनको रुपमा मनकामना मन्दिर पुर्वाधार व्यवस्थापनको लागि गुरुयोजना निर्माणमा सरोकारवाला सवैसँग छलफल गरी अगाडी बढाइने व्यवस्था मिलाई ने छ
- नगरको एकिकृत पर्यटन पुर्वाधार निती तयार गरिनेछ । आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्नका लागि पर्यटन प्याकेज तयार गर्ने कार्यलाई नगरको बजेटले मात्र सम्भव नहुने भएकोले विभिन्न सरकारी निकाय, दातृ संस्था सँग समन्वय गरिनेछ । मनकामना मन्दिर एवं एकादशी बजार संरक्षण, पोखरी बजार, अरुणथान देखि हरेलो हुँदै छ्यांकुटी  सम्म जाने ५००५ सिंडी निर्माण र छ्यांकुटी क्षेत्रमा भ्यू टावर निर्माण गरी मकालु हिमालको दृश्यावलोकन गरी सेकाहा क्षेत्रमा होमस्टे बास बस्न सक्ने गरी पर्यटन प्याकेज निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ । उल्लेखित पर्यटन प्याकेजमा चारधाम, भ्यू छोलिङ गुम्बा, जलेश्वरधाम, थुम्कीडाँडा अवस्थित शिव मन्दिर र भ्यू टावर, फिरफिरे डाँडा, थाले डाँडा, वराजु थान, रमिते डांडा, अमृत्वेर शिव मन्दिर, चमेरे गुफा तथा ज्याङरिङ धारा जस्ता धार्मिक तथा पर्यटकिय विषयहरु समेटिने व्यवस्था मिलाइने छ । साथै नगरक्षेत्रमा प्याराग्लाइडिङ र Rock Climbing  जस्ता क्षेत्रको सम्भाव्यता अध्ययन गरि क्रमश पर्यटन प्रवर्द्धनसँग जोडिने छ ।

## कृषि तथा पशु तर्फ

- खाँदवारी नगरपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन कृषि नीती तयार गरिनेछ साथै सोही नीतीका आधारमा लगानी गर्दै जाने व्यवस्था मिलाईने छ ।
- सुन्तला, जुनार र कागती खेती गर्ने कृषकहरुलाई विरुवामा शतप्रतिशत अनदान दिने नीती लाई क्रमशः अगाडी बढाइनेछ ।
- खाँदवारी नगरपालिका भित्र पर्ने ११ वटै वडामा आधुनिक खेती गर्ने कृषकहरुलाई विउमा ७५ प्रतिशत अनुदान दिइने नीती लिइनेछ ।
- खाँदवारी नगरपालिका भित्र उपयुक्त ठाउँ छनौट गरी विउमा आत्मनिर्भर गर्नका लागी उपयुक्त स्थान हेरी विजवृद्धि कार्यक्रम संचालन गरिनेछ र सो को लागी कुल विउमा १०० प्रतिशत अनुदान दिने नीती लिइनेछ ।

- खाँदवारी नगर क्षेत्रलाई समष्टि कृषि क्षेत्रमा आत्म निर्भर गराउनका लागी देहायका स्थानमा कृषि विकास कार्यक्रम सन्चालन गर्न र आवश्यक अनुदानको व्यवश्था मिलाई प्राथमिकता दिँदै जाने नीती लिइनेछ :

  - ✓ फलफुल - कागती, सुन्तला र अनार खेती । (संभावित क्षेत्र : पांमाका अधिकांश क्षेत्र, मरुवा, माल्टाको माथिल्लो भाग, योगीडाँडा, चन्दनपुर, चेवा र हेलुवा लगायतका क्षेत्रहरु) पकेट क्षेत्रको रुपमा खिप्रिङलाई छनौट गरिनेछ ।
  - ✓ तरकारी - मौसमी र बेमौसमी । (सम्भावित क्षेत्रहरु : खाँदवारी बजार आसपास, नयाँ वजार आसपास, मानेभञ्ज्याङ आसपास र तुम्लिङटार क्षेत्र एवं मुख्य / सहायक सडक करिडोर क्षेत्रमा ) पकेट क्षेत्रको रुपमा सेकाहा क्षेत्रलाई छनौट गरिनेछ ।
  - ✓ मसला वाली - अदुवा, वेसार, खुर्सानी । ( सम्भावित क्षेत्रहरु : मरुवा, माल्टा, योगीडाँडा, पांठा, सित्तलपाटी र ढुंगेधारा )
  - ✓ अन्नवाली तर्फ - चन्दनपुर, पांठा, माल्टा, चेवावेशी, हेलुवावेशी, रयालेवेशी र हिंगुवा वेशी ।

- भु-उपयोग नीती निर्माण गरी माटो परिक्षणका आधारमा कृषिको पकेट क्षेत्र निर्धारण गर्ने र सोही अनुसारको व्यवसायिक खेती प्रणालीलाई अवलम्वन गर्ने गरी कम्पोष्ट मल र प्राङ्गारीक मललाई निश्चित रकम अनुदानको रुपमा व्यवश्था गर्ने नीती लिइनेछ ।
- उत्पादित वस्तुहरु समयमा खपत हुन नसके भण्डारणको व्यवस्था गरी दुध, तरकारी तथा फलफुल संकलन केन्द्रलाई व्यवस्थित गर्ने कार्य अगाडी बढाइनेछ ।
- आगामी आ.व. का कृषि सम्वन्धि कार्यक्रम मार्फत मोटरबाटो पुगेका स्थानहरुमा उन्नत जातका तरकारी तथा फलफुल खेती गर्ने ( विशेषत : पकेट क्षेत्र) किसान हरुलाई वीउ विरुवा र आवश्यक उपकरणमा १०० प्रतिशत अनुदान दिने नीती लिइनेछ ।
- कृषकहरुबाट उत्पादित वस्तुहरुको १२ महिना भण्डारण हुन सकोस भन्ने उद्देश्यले नगर क्षेत्रमा एक शितभण्डार निर्माणको लागि अध्ययन गरिने छ यसको लागि उद्योग वाणिज्य संघ संखुवासभा सँग आवश्यक छलफल र सहकार्य गरिने छ ।
- उन्नत जातका गाई खरिद गरि ल्याउने कृषकहरुलाई अनुदानमा निश्चित प्रतिशत अनुदान दिने नीति लिईने छ ।
- स्वस्थ मासु खान पाउने नागरिकहरुको आधारभूत अधिकारको संरक्षण गर्दै नगर क्षेत्रमा बधशाला निर्माण गर्नका कार्य प्रारम्भ भै सकेकोले यसलाई निरन्तरता दिई क्रमशः कार्य अगाडि बढाईने छ ।
- गोठ सुधार र कम्पोष्ट मलमा कृषकहरुलाई आवश्यक अनुदानको व्यवस्था मिलाई सहयोगको गरिने छ
- नगर क्षेत्रमा माछा पालन गर्न चाहने कृषकहरुलाई आवश्यक सहयोगको व्यवस्था मिलाई ने छ ।
- दुध डेरी संचालन गरिरहनु भएका र संचालन गर्न चाहने कुषकहरुलाई संरक्षण र सहयोगको उचित व्यवस्था मिलाईने छ ।

## *सुशासन सम्वन्धि नीती*

- नगरपालिका स्थानीय तहमा रुपान्तरित भई जनप्रतिनिधि समेत बहाल भएता पनि हालसम्म नेपाल सरकार बाट पर्याप्त कर्मचारी उपलब्ध नगराएको कारण वडा कार्यालयबाट सेवा प्रवाह प्रभावकारी रुपमा हुन नसकेकाले यथासक्य छिटो कर्मचारी पठाइदिन माग गर्दै आगामी दिनमा वडा कार्यालयलाई सवै प्रकारका सुविधायुक्त वनाई छिटो छरितो सेवा प्राप्त गर्न सक्ने अवश्थाको सुनिश्चितताको प्रदान गरिने छ ।
- नगरवासीले छिटो छरितो सेवा प्राप्त गर्न कार्यालयमा हेल्प डेस्क को व्यवस्था गरी निशुल्क फारमहरु उपलव्ध गराउने व्यवश्था मिलाइनेछ ।
- विद्युतिय हाजीरीको व्यवश्था शुरु गरी सकिएको हुँदा सो को कार्यान्वयनलाई प्रभावकारी वनाइनेछ । कर्मचारीले कार्यालय समयमा अनिवार्य पोशाक लगाउनु पर्ने व्यवश्थालाई कडाइका साथ लागु गरिनेछ । विशेष परिस्थितीमा भन्दा बाहेक पोशाक नलगाउने कर्मचारीलाई विभागिय कारवाही गरिने छ ।
- कर्मचारीहरुको हकमा कानुनले तोकेको र साविक परिषदबाट स्विकृत भएका आचरण र मर्यादा पालन नगर्ने कर्मचारीको कार्य सम्पादन मुल्यांकनमा दण्डनिय गरिनेछ । सेवाग्राही सँग शिष्ट व्यवहार गर्नुपर्ने एवं मुस्कान सहितको सेवा प्रवाह गर्नुपर्ने व्यवश्थालाई अनिवार्य दिइनेछ ।
- जनप्रतिनिधिहरुको क्षमतालाई विकास गर्न समसामयिक विषय वस्तुका सन्दर्भमा तालिमको व्यवश्था मिलाइनेछ साथै कर्मचारीहरुलाई समेत आवश्यकता अनुसार विभिन्न किसिमका तालिम प्रदान गरिनेछ
- नगरपालिकाको गुनासो पेटीका नागरिक वडापत्र सवैले देख्ने गरी व्यवस्थित गरिने छ । वडा कार्यालयहरुमा समेत गुनासो पेटीका, नागरिक वडापत्र राख्ने व्यवस्था मिलाइनेछ ।
- नगरवासिले तिरेको करको पारदर्शितालाई ध्यान दिंदै राजश्व र खर्चलाई मासिक रुपमा सार्वजनिक गर्ने व्यवश्था मिलाइनेछ । कार्यालयमा सुचना दिने अधिकारी, गुनासो सुन्ने अधिकारी तथा कार्यालयबाट सम्पादन गर्ने कामलाई जनमुखी र उत्तरदायी बनाउन प्रवक्ता तोकी व्यवस्थित गरिनेछ । नगरपालिकाको Website लाई व्यवस्थित गरी सवै प्रकारका सुचनाहरु Website मा राख्ने व्यवश्था मिलाइनेछ साथै नगर बजेट एवं पुस्तिकाको रुपमा “खाँदवारी विकास दर्पण” पुस्तिका छपाई सार्वजनिक गरिनेछ ।
- First Come First Service को व्यवश्था का लागि टोकन प्रणालीबाट सेवा प्रवाह गर्ने व्यवश्था मिलाइनेछ ।

## *स्थानीय तहबीचको समन्वय सम्बन्धी नीति :*

- सिमाना जोडिएका स्थानीय तहहरुसँग एकिकृत विकासको अवधारणा अभिवृद्धि गर्नका लागि विविध विषयहरु आथिर्क, सामाजिक, पर्यटन र पूर्वाधार विकासका विषयमा साझेदारी गर्ने नीति अवलम्बन गरिने छ ।

निर्णय न १

खाँदवारी नगर कार्यपालिका को प्रथम नगर सभाको निर्णय न .   वाट भएको निर्णय अनसार विगत वर्षादको समयमा आएको पानीले नगर भित्रका कच्ची सडकहरुलाई सामान्य रुपले मर्मत गर्नको लागी रु ३० लाख मर्मत सभार कोषको व्यवस्था समेत गरेको हुँदा तपसिलमा उल्लेखित सडक खण्डहरु मर्मत गर्नको लागी योजना शाखा वाट लगत इष्टिमेट गरि सभ्मौता समेत भई कार्य अगाडी भडाइएको हुँदा लगत इष्टिमेट तथा प्राविधक मूल्यांकनका आधारमा वडा समितिको सिफारिसमा मर्मत संभार कोष वाट खर्च लेख्ने गरि रकम

भुक्तानी गर्ने र सम्पन्न भई सकेका कार्यको अनुमोदन समेत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजना कार्यक्रमको नाम | ठेगाना | लगत इष्टिमेट | मूयांकन रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | लविङहिल गुवा वारी सडक मर्मत | ७ | ५६,७७१/ | ५६२७१/ | |
| २ | मानेभन्ज्यांग चार वर सडक मर्मत | २ | ६४,३१३/ | ६१५७९/ | |
| ३ | लवीङहिल गुवावारी सडक मर्मत | ७ | ६१,६८०/ | | |
| ४ | गोपाल भगत मेमोरियल वाट खोरण्डे जाने वाटो मर्मत | १ | ३३,५३०/ | | |
| ५ | वसपार्क छेउ कोशी सडक देखि डाडारे सम्म वाटो मर्मत | १ | ५२,६१७/ | | |
| ६ | कोशी हाइवे वाट नया वस्ती रोड मर्मत | १ | ३५,२३९/ | | |
| ७ | मंगलादेवीथान जिताने पुल वाट सरस्वती मा.वि. सडक मर्मत | ६ | ६६,८४७/ | | |
| ८ | खाँदवारी कल्छे डके सडक मर्मत | | २,०८७०३/ | | |
| | जम्मा | | ५,७६,४६६/ | | |

**निर्णय नं २**

खाँदवारी नगरपालिका अन्तरगत तपसिलमा उल्लेखित व्यक्तीहरुले आर्थीक सहयोग पाउ भनि दिएको निवेदन उपर आजको वैठकमा छलफल हुँदा निज व्यक्तीहरुलाई गम्वीर प्रकारको रोग लागेको प्रमाणित भएकोले विविध खर्च शिर्षक वाट उपलव्ध गराईएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

श्री दुर्गालाल कटुवाल रु ५,०००/

श्री जसवहादुर वि.क. रु १०,०००/

निर्णय नं ३

जिल्ला समन्वय समितको मिति २०७४/०६/२६ च.नं ३५१ प.सं २०७४/०७५ को प्राप्त पत्रानुसार ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति (फण्ड वोर्ड) मार्फत संचालन गरिने गरि यस कार्यालयमा कम्तीमा ५ वटा खानेपानीको कार्यक्रम छानी पठाइदिनु भनि लेखि आएकोले सो प्रस्ताव आजको वैठकमा पेश भई छलफल हुँदा तपसिलमा उल्लेखित कार्यक्रमहरुलाई प्राथमिकताका आधारमा कार्यान्वयनका लागी जिल्ला समन्वय समितिको कार्यालमा पठाउने निर्णय गरियो ।
तपसिल
१, थलथले ग्रामीण खानेपानी आयोजना तल्लो पांठा खा.न.पा. ६
२, सिमखर्क हरेलो ग्रामीण खानेपानी आयोजना खा.न.पा. ११
३, सुकेको गैरो ग्रामीण खानेपानी आयोजना वतासे चापावोटे खा.न.पा. १०
४ ग्रामीण खानेपानी आयोजना , चिसापानी ,खा.न.पा. १०
५, वाह्रगरे मुहान हिंगुवा ग्रामीण खानेपानी आयोजना, खा.न.पा. ६

**निर्णय नं ४,**
समाज विकास केन्द्र (सोडेक) पेश गरेको प्रस्ताव अनुसार बहुउद्धेश्यीय व्यवसायीक कृषि उप्पादन प्रयोगात्मक प्रदर्शनी केन्द्रको निर्माण गरि खाँदवारी नगरपालिकाका सम्पुर्ण वडाहरुमा नमुना कृषि फर्म सचालन गरि व्यवशायीकरण तथा महेन्द्र मा.वि.मा संचालन गरेको जे.टी.जे.टी.ए. कक्षा संचालन भई प्रयोगात्मक कक्षा समेत संचालनमा सहयोग पुग्ने भनि यस कार्यालयमा आवश्यक रकमको व्यवस्था गरि पाउ भनि ३ वटा सस्थाहरुले संयुक्त निर्णय गरि पेश गरेको हुँदा सो प्रस्ताव उपर छलफल गर्दा वस्तुगत अनुदान तर्फमा खर्च हुने सामाग्री खरिदका लागी रकम उपलव्ध गराउने र सो रकम पहिलो पटक कामको सुरुवात हेरि पेश्की रकम उपलव्ध गराउने र सो रकम यस कार्यालयको विभिन्न संघ सस्था अनुदान खर्च शिर्षक वाट रु २,००००० /(दुई लाख मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ५**
खाँदवारी नगरपलिका वडा नं ३ स्थित अरुण उपत्यका सामुदायीक विकास क्लव मानेभन्ज्यांगले पेश गरेको प्रस्ताव अनुसार सातौ अरुण भ्याली रनिङ शिल्ड फुटवल प्रतियोगिता २०७४ संचालन गर्न रकम माग गरेको हुदा सो प्रस्ताव आजको वैठकमा पेश भई छलफल हुँदा नगरपालिकाको खेलकुद शिर्षकमा विनियोजित रकम वाट खर्च लेख्ने गरि रु ३,००००० /(रु तिन लाख मात्र) विनियोजन गरि विल भरपाईका आधारमा उपलव्ध गराउने निर्णय गरियो ।

**निणय नं ६**

खाँदवारी नगरपालिका संग नगरपालिका भित्र रहेका विभिन्न संघ सस्थाहरुवाट विभिन्न कार्यक्रम संचालन गर्न रकम माग गरि आएकोले तपसिलमा उल्लेखित कार्यक्रम संचालन गर्न

नगरपालिकाको विभिन्न संघ सस्था अनुदान शिर्षकमा रहेको रकम वाट खर्च लेख्ने गरि रकम उपलव्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | विनियोजीत रकम रु |
|---|---|---|
| १ | मकालु साहित्यीक समाज स्मारिका प्रकाशन खर्च | रु ४०,०००/ |
| २ | एकता परिवार क्लव,(अनिल स्मृति म्याराथुन प्रतियोगिता २०७४) खाँदवारी ७ नयावजार | २०,०००/ |
| ३ | अरुण उपत्यका युवा क्लव (डष्टविन खरिद) खा.न.पा.२ | ५०,०००/ |
| ४ | मकालु साहित्यीक समाज -एकादशी मेला संचालन थप वजेट | ५५,०००/ |

**निर्णय नं ७**

गत र विगत आ.व.हरुवाट विभिन्न योजना तथा कार्यक्रमहरु विविध कारण वाट सम्पन्न हुन नसकी यस आ.व.मा दायीत्व सारी ल्याइएका र खाँदवारी नगरपालिकाको प्रथम नगर सभा वाट समेत वजेट सहित दायीत्व सारी ल्याउने निर्णय समेत गरि सकेकोले त्यस्ता प्रकारको योजना तथा कार्यक्रमहरुलाई यसै आ.व.को वैशाख मसान्त सम्म म्याद थप गर्ने र सो समयावधि सम्म पनि सम्पन्न हुन नसकेको योजना तथा कार्यक्रमहरुको रकम स्वतहः फ्रीज गरि लैजाने र सो कार्यक्रमहरु सम्पन्नको लागी प्रत्येक वडाहरुवाट वडा समितिले कार्य सम्पन्न भएको निर्णय सिफारिसका आधारमा मात्र फरफारक दिने निर्णय गरियो ।

**निर्णय नं ८**

योजना शाखावाट प्राविधिकहरुको अभाव भै विभिन्न योजनाहरुको (सडक) लागत अनुमान ड्रइङ डिजाइन र सर्वे गर्नको लागी परामर्श सेवा मार्फत कार्य गर्न जरुरी देखिएको भनि टिप्पणी पेश भए अनुसार तपसिलमा उल्लेखित सडकहरुको लगत इष्टिमेट ड्रइङ डिजाइन र सर्वे लगायतका कार्य गर्नको लगाी सार्वजनीक खरिद ऐन नियमावलीको परिधि भित्र रहि परामर्श सेवा खरिद गर्ने निर्णय गरियो ।

**तपसिल**

१, तेजरत्न आँखा अस्पताल वाट खोरण्डे महादेव थान चार वर सडक सर्वे वडा नं.१.....
२, मानेभन्ज्यांग कृषि वजार देखि सरस्वती मा.वि. माल्टा वडा नं. ३ र ७
३, मानेभन्ज्यांग देखि शसस्त्र बेश क्याम्प हुदै अरुणथान सडक सर्वे वडा नं. ३
४, ठुलो आगन वाट गौडे हुदै सेकाहा स्कुल सम्म सडक सर्वे वडा नं. ४
५, काफ्ले डाडा (मा वाकी ६२ मि.) हुदै सार्की धारा मंगलादेवी मा.वि. मगर गाउ सडक सर्भे खा.न.पा. ७ ........६ कि.मी.
६. माथिल्लो गुम्बा हुँदै मास्लो टार साल विशौला सडक सर्भे वडा नं. ९ ...... ५ कि.मिं
७. हरेलो चारधाम आङ्गला सडक सर्भे वडा नं. ११ .....५ कि.मी.
८. मिलन चौक चिसापानी सडक सर्भे वडा नं.३.......५ कि.मी.
९. पांठा खानीडाँडा वर्खे सडक सर्भे वडा नं.६..........७ कि.मी.
१०. कुप हुँदै वडा भवन बाट खानेपानी समिति कार्यालय सम्म जाने सडक वडा नं.८...७ कि.मी.

निर्णय नं ९

खाँदवारी नगरपालिका को प्रथम नगरसभा वाट विनियोजित रकम रु ३० लाख सडक मर्मत संभार कोष वाट खर्च लेख्ने गरि तपसिलमा उल्लेखित सडक मर्मत गरि तत्काल संचालन गर्ने निणर्य गरियो ।

तपसिल

१, सार्कीडाडा रातमाटे सडक मर्मत रु ५० हजार
२, गिद्धे मनकामना सडक मर्मत